# टेम्केमैयुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अन्नपूर्ण, भोजपुर
१ नं. प्रदेश, नेपाल

Website: www.tyamkemaiyummun.gov.np
Email: temkemunbhp@gmail.com

प.सं.:- २०७७/७८
च.नं.:-

मितिः- २०७७/०४/१३

## मौजुदा सूची दर्ता गराउने बारेको सूचना ।

यस गाउँपालिकाको लागी आ.व. २०७७/०७८ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ को (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानुनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७५/०७६ को व्यवसाय नविकरण भएको प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुर्सुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिन हुन र आ.व. २०७६/०७७ मा यस गाउँपालिकामा सूची दर्ता गरेका तथा आ. व. २०७७/०७८ मा समेत अद्यावधिक गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७५/०७६ को कर चुक्ता र व्यवसाय नविकरणको प्रमाणपत्रको प्रतिलिपि लगायत अन्य कागजात संलग्न राखी नियमानुसार निवेदन दिनु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. मसलन्द, छपाई तथा कार्यालयमा आवश्यक पर्ने अन्य सामान आपुर्ति कार्य,
२. फर्निचर तथा फर्निसिङ आपुर्ति तथा मर्मत कार्य,
३. मेसिनरी औजार ( कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन आदि) तथा ईलेक्ट्रोनिक्स सामान आपुर्ति तथा मर्मत,
४. सवारी साधन कार, जिप, भ्यान, मोटरसाईकल आदि का पार्ट पुर्जा आपुर्ति तथा मर्मत कार्य,
५. विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी सेवा,
६. कार्यालय भवन तथा अन्य भवन मर्मत सम्भार निर्माण, रङरोकन सम्बन्धी सेवा,
७. चिठ्ठी पत्र, पार्सल, कुरीयर तथा अन्य सामाग्री ढुवानी सेवा,
८. प्रशासनीक विषयहरुसँग सम्बन्धीत अध्ययन अनुसन्धान तथा विभिन्न सँग सम्बन्धीत सफ्टवयर निर्माण मर्मत तथा आपूर्ति र सूचना प्रविधिसँग सम्बन्धीत विभिन्न सेवा,
९. फलफुलका विरुवा सप्लाई लगायत बगैचा व्यवस्था सम्बन्धी कार्य,
१०. स्वास्थ्य सेवाको औषधि तथा औषधिजन्य सामान आपुर्ति कार्य,
११. पशुपन्छी शाखाको लागि औषधि तथा औषधिजन्य सामान आपुर्ति कार्य,
१२. कृषि तथा कृषिजन्य विउ विजन तथा विषाधिजन्य सामान आपुर्ति कार्य,
१३. स्टिल तथा प्लास्टिकका सामान आपुर्ति कार्य,
१४. कम्प्युटर सफ्टवेयर खरिद तथा मर्मत कार्य,
१५. टेलिफोन तथा इन्टरनेट मर्मत कार्य,
१६. विभिन्न किसिमका कपडा तथा कपडाजन्य सामाग्रीको आपुर्ति तथा सिलाई कार्य,
१७. ईन्धन सम्बन्धी आपुर्ति कार्य,
१८. फ्लेक्स प्रिन्ट सम्बन्धी कार्य,
१९. पत्रपत्रिका तथा पाठ्यसामग्री आपुर्ति कार्य,
२०. अन्य परामर्श कार्य ।

2066/04/12

..............................
(रणजित आङबुहाङ लिम्बु)
नि.प्रमुख प्रशासकीय अधिकृत

नोटः- यो सूचना हाम्रो official website: www.tyamkemaiyummun.gov.np बाट समेत हेर्न सकिनेछ ।